"एक बहुभाषिक पत्रिका"
# ग्रामीण
राष्ट्रिय साप्ताहिक

सुचना पाउनु सबै नागरीकको अधिकार हो ।

वर्ष २ | अंक ११ | २०८१ श्रावण २३ गते बुधवार | Wednesday 07, August 2024 | www.graminpatrika.com | पृष्ठ ६, | मूल्य रु.१५।-

## विराटनगरले यस आर्थिक वर्ष ८ अर्ब ३५ करोड राज्श्व संकलन




संजय कुमार राजवंशी
विराटनगर

विराटनगर/ कोशी प्रदशको राजधानी विराटनगरले यस आर्थिक वर्ष ८ अर्ब ३५ करोड राज्श्व संकलन गरीएको छ। आर्थिक वर्ष २०८०/०८१ मा ९ अर्ब ४३ करोड राज्श्व संकलन गर्ने लक्ष्य भएपनि ८ अर्ब ३५ करोड राज्श्व मात्रै संकलन गरीएको छ। यस्तै आर्थिक वर्ष २०७९/०८० मा १० अर्ब ४ करोड लक्ष्य भएपनि मात्रै ७ अर्ब ७१ करोड राज्श्व संकलन गरीएको छ भने यस आर्थिक वर्षमा करिब १ अर्ब ३६ करोडले बढि भएको त्यहाँका सुचना अधिकारी हरि सेढाइले जानकारी दिए।
आन्तरिक राज्शव कार्यालय विराटनगरका सुचना अधिकारी हरी सेढाइका अनुसार आर्थिक वर्ष २०७९/०८० मा ७६.७९ प्रतिशत र आर्थिक वर्ष २०८०/८१ मा ८८.४९ प्रतिशत रहेको छ भने पहिलो वर्षको अनुपात भन्दा बढि प्रतिशतले बढेको छ। देशको आर्थिक अवस्था तनावग्रस्त भएको बेला पनि रज्श्व बडेको छ।
तेस्तै भुमीसुधार तथा मालपोत कार्यालय मोरङ विराटनगरले आर्थिक वर्ष २०८०/०८१ मा जम्मा ८६ करोड भन्दा बढि राज्शव संकलन गरीएको छ।
भुमीसुधार तथा मालपोत कार्यालय मोरङ विराटनगरले रजिस्ट्रेशन शुल्क बाप्त रु ५२ करोड १३ लाख ८१ हजार सात यय पैतालिस रुपीयाँ र पुँजीगत लाभ कर ३४ करोड ३० लाख ५२ हजार तिन सय तिस रुपीयाँ मात्र राज्शव रकम संकलन भएको मालपोत अधिकृत गोपाल दाहालले बताए।
त्यहाँको कार्यालय मालपोत अधिकृत गोपाल दाहालसंग आर्थिक वर्ष २०७९/०८० र आर्थिक वर्ष २०८०/०८१ को राज्शव संकलन भएको तत्याङ उपलबध गराई मागदा उहाँ भनुहुन्छ " आफुसंग नभएको उहाँ बताउदै आर्थिक वर्ष २०८०/०८१ को तत्याङ उपलबध गराएका हुन "।
उहाँसंग तत्याङ नभएपनि राज्शव रकम पहिलेको भन्दा यस आर्थिक वर्षमा राज्शव रकम संकलन पहिले भन्दा राम्रो रकम संकलन नभएको उहाँले बतााए।
साथै मालपोत कार्यालय अगाडि काम गर्ने तथ काम गराउने सेवाग्राहि पहिले जस्तो कारोबार नभएको एक कामदार बताउछन।
देशको आर्थिक अवस्थाको कारणले पनि मालपोत कार्यालयमा कारोबार राम्रो नभएको एक नेपाली नागरिकले दुख व्यत्त गरे।

## कानेपोखरी गाउपालिकाके ६५ करोड ५७ लाख २५ हजारटका बजेट सार्वजनिक



विद्यानन्द चौधरी
कानेपोखरी

मोरङके कानेपोखरी गाउँपालिकामे मङ्गलदिन पत्रकार सम्मेलन केरके आर्थिक वर्ष २०८१र २०८२मे ६५ करोड ५७ लाख २५ हजारटकाके बजेट कानेपोखरी गाउँपालिकाके प्रवक्ता तथा वडा न २ का वडा अध्यक्ष सुशील बुढाथोकी पैरके सुनाईलकै।
माईङ्गके १२ करोड ८८ लाख,सङ्घीय सशर्त अनुदान २४ करोड ३९ लाख,,सङ्घीय राजश्व बाँडफाँडबाट १० करोड २६ लाख, सङ्घीय समपुरक अनुदान,१ करोड ५० लाख ,सङ्घीय विशेया अनुदानबाटे१ करोड ५० लाख रुपियाँ टका आम्दानी हेतै कैहके अनुमान करने छै । ऐनङ्गे प्रदेश समानीकरण अनुदान ८१ लाख ३४ हजार ,प्रदेश राजश्व बाँडफाँड५२ लाख २९ हजार। प्रदेश सशर्त अनुदान ५९ लाख २३ हजार , प्रदेश समपुरक अनुदान१ करोड आम्दानी हेतै।
आन्तरिक आम्दानी मे घरजग्गा रजिष्ट्रेसबाटे १ करोड ५० लाख,वडाबाट २ करोड,लदी ठेक्काबाटे २ करोड,बैंक मौज्दात र अल्या ७ करोड आम्दानी हेतै । यस्तै खर्चा चालु खर्चमे ८ करोड १ लाख र पुँजीगत खर्चमे पूर्वाधारमे ३ करोड ९६ लाख ,आर्थिक विकासमे १ करोड ३७ लाख ५० हजार ,शिक्षा तथा सामाजिक विकासमे ५ करोड २१ लाख ९६ हजार ४५ रुपियाँ खर्च हेतै कैहके अनुमान करने छै। बन वातावरण तथा विपद् ब्यवस्थापनमे १ करोड १६ लाख,संस्कृति प्रवर्द्धनमे ३३ लाख,पञ्जिकरण तथा सामाजिक सुरक्षामा सशर्त बाहेक ५ लाख ७५ हजार ,संस्थागत विकासमे १ करोड १३ लाख र भूमि ब्यवस्थापनमे ४६ लाख रुपियाँ खर्च हैतै कैहने अनुमान करने छै ।
पालिकाके २५ प्रतिशत अनुदानमे धान काटैवला मेसिन किनैले २० लाख रुपियाँ विनियोजन करने छै। किसान सवके सिंचाईके लागि
विजलीके मिटरमे उठ्ल महसुल पालिकासे तरदेतै। जुन कार्यक्रमके लागि १० लाख रुपियाँ राख्ने छै। नयाँ माछपोखैर खोनैवला किसानके ५० प्रतिशत अनुदान कार्यक्रमके निरन्तरता देलकै।
बालि वीमाको कार्यक्रमके लागि ३ लाख रुपियाँ छुट्याएने छै।कृषि चुन वितरणके लागि १० लाख रुपियाँ जैविक विषादी उत्पादनकोलागि ३ लाख रुपियाँ ,सुरक्षित आवासके कार्यक्रममे ५० लाख या नागरिक आवास निर्माणके लागि १ करोड रुपियाँ विनियोजन करनै छै । चालु वछर से विद्यालयके हेडसर समके फोन खर्च देतै ओकरलागि ३ लाख रुपियाँ विनियोजन करनै छै ।एसइइ दयाल विद्यार्थी समके निशुल्क अतिरिक्त कक्षा सञ्चालनके लागि पालिका ५ लाख रुपियाँ छुट्याने छै।
पालिकाके अधिकांश पुरना कार्यक्रम समके निरन्तरता देने छै निशुल्क शिक्षा,पालिकाके ईच्छा ।प्राविधिक विद्यामोरोजगारी कानेपोखरीको
के बेटा बेटी सउसके ईच्छापुतौके शिक्षा ,अति विपन्न परिवारके सदस्यको मृत्यु संस्कारमे आर्थिक सहयोग,छात्रासँगे अध्यक्ष जस्ता कार्यक्रमसव निरन्तरता पावनै छै ।
पालिका यहा वछरसे विपन्न परिवार भित्रको ग वर्गका अपाङ्गता भ्याल लोक समके मासिक १ हजार रुपियाँ भत्ता दैवला ब्यवस्था सुरु करने छै ।
गाउँपालिका अध्यक्ष राजमति इङ्नामके अध्यक्षतामे भ्याल कार्यक्रममे पत्रकारसव पुछर प्रश्ननसवके अध्यक्ष इङ्नाम,प्रवक्ता बुढाथोकी या प्रमुख प्रशासकीय अधिकृत हिराकुमारी यादव जवाफ देने छेलै।
सम्मेलनमे कानेपोखरी पथरी उर्लाबारी बेलबारी र सुनदर हरैचाके पत्रकारसव एलछेलै वडा न ३ र ७ का वडा अध्यक्षसमके समेत उपस्थिति रहल छेलै।

### गढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी द्वारा

**सुर्तीजन्य पदार्थको सेवन नगरौं।**

सुर्तीजन्य पदार्थको सेवनलेः
➢सेवनकर्तालाई प्रत्यक्षरुपमा,
➢परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
➢यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

### रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

**विपत्तिबाट बचौं र बचाऔं**

➢ विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
➢ बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
➢ विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
➢ विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
➢ पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
➢ बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

### गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झापा द्वारा

**विपत्तिबाट बचौं र बचाऔं**

➢ विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
➢ बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
➢ विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
➢ विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
➢ पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
➢ बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

### धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

**सुर्तीजन्य पदार्थको सेवन नगरौं।**

सुर्तीजन्य पदार्थको सेवनलेः
➢सेवनकर्तालाई प्रत्यक्षरुपमा,
➢परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
➢यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

"एक बहुभाषिक पत्रिका"
ग्रामीण
राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०

# मेचीनगरकी बिनादेवी डेढ वर्षदेखि ओमनको अस्पतालमा अचेत





ग्रामीण संवादाता
विर्तामोड, झापा

डेढ वर्षदेखि ओमनको अस्पतालमा अचेत रहेकी झापा मेचीनगरकी बिनादेवी कँवरलाई नेपाल ल्याइदिन उनका छोराले अपिल गरेका छन्।

परिवारको आर्थिक अवस्था कमजोर रहेकाले विरामी अवस्थामा रहेकी आफ्नी आमालाई नेपालसम्म ल्याउनका लागि आर्थिक सहयोग गरिदिन छोरा सञ्जय कँवरले पत्रकारहरूमार्फत अपिल गरेका हुन्। प्रेस क्लब मेचीनगरको हलमा पत्रकारहरूसमक्ष बोल्दै सञ्जयले आर्थिक र समन्वयात्मक सहयोग गरेर आमालाई नेपालसम्म ल्याइदिन आग्रह गरेका थिए। बिनादेवी मेचीनगर-१० स्थित कँवर बस्तीका चिनीलाल कँवरकी श्रीमती हुन्।

बिनादेवीका श्रीमान् चिनीलाल धुलाबारीमा सामान्य ज्यालादारी काम गर्छन्। जेठा छोरा सञ्जय मेचीनगर-७ स्थित राज टी इस्टेटमा मजदुरी गर्छन्। कान्छा छोरा सुरज काठमाडौंमा मूर्ति बनाउने काम गर्छन् भने छोरी अनिता कँवरको विवाह भइसकेको छ। ४५ वर्षीया बिनादेवी परिवारको आर्थिक अवस्था सुधार्न २०७५ सालमा वैदेशिक रोजगारीका लागि ओमन गएकी थिइन्। २०७५ पुषतिर कुवेत उडेकी बिनादेवी १४ महिनापछि फर्किएकी थिइन् । भनिएजस्तो काम नभएर कुवेतबाट फर्किएको महिना दिन नबित्दै उनी पुनः खाडी मुलुक ओमन उडेकी थिइन्।

लोपोन्मुख आदिवासी समुदायकी बिनादेवी विदेश जानुअघि मेचीनगर-७ स्थित राज टी इस्टेटमा चियापत्ती टिप्ने श्रमिक थिइन् । उनका पति कारखानामा काम गर्थे । कोभिड महामारीअघि जागिरबाट अवकाश पाउनेबित्तिकै उनी विदेश हानिएकी थिइन् । कुवेतमा भनेजस्तो काम नभएको भन्दै उनी घर फर्केकी थिइन्।

पहिले कुवेत पठाउने दलालले नै बिनादेवीलाई ओमन उड्न पनि सहयोग गर्यो । घरेलु कामदारका रूपमा नेपाली महिलालाई खाडी मुलुक जान सरकारले प्रतिबन्ध लगाएको छ । त्यसैले दलालले भारतीय बाटो प्रयोग गरेर नेपाली महिलालाई खाडी पुर्याउँछन् । बिनादेवी पनि पहिले कुवेत र पछि ओमन पनि भारतको बाटो हुँदै उडेकी थिइन् । तर ओमनमा उनी घर फर्किनै नसक्ने गरी थला परेकी छन् । उनी २०७९ माघ २३ देखि ओमनको एक अस्पतालमा जीवनमरणको दोसाँधमा छिन्।

'लडेको दिनदेखि आमाको अहिलेसम्म होस आएको छैन,' सञ्जयले सुनाए, 'आमा कुन अस्पतालमा कुन हालतमा हुनुहुन्छ, थाहा छैन ।' उनले ओमनबाट आमालाई नेपाल ल्याउन पाए यतै हुने जति उपचार गर्ने बताए । बिनादेवीलाई घर ल्याउन १४ लाख बढी खर्च लाग्ने भएपछि सञ्जयले आर्थिक सहयोग जुटाइदिन आग्रह गरेका छन्।

'दैनिक मजदुरी गरेर गुजारा चलाउँदै आएका छौं। आर्थिक अवस्था कमजोर छ। यत्रो पैसा कहाँबाट ल्याउनु ?' सञ्जयले भने,'जस्तोसुकै अवस्था भएपनि जन्म दिने मेरी आमाको हेरचाह आफै र आफ्नै देशमा गर्छु। त्यसैले आमालाई विदेशबाट ल्याउन सबैसँग अनुरोध गरेको हुँ।

# विराटनगरमा छाडा पशुहरूको नियन्त्रणः सडक दुर्घटना र सार्वजनिक सम्पत्तिको संरक्षणमा महानगरपालिकाको प्रयास



सरिता कर्मकार
विराटनगर

सडक क्षेत्रमा खुल्ला छाडा पशुहरूको कारणले आवत-जावतमा समस्या सिर्जना भइरहँदा सवारी दुर्घटनाको जोखिम पनि बढेको छ। यस समस्याको समाधानका लागि बिराटनगर महानगरपालिकाले तीव्र कदम चालिरहेको छ।

नगर प्रहरी प्रमुख राजन पौडेलका अनुसार, असार मसान्तसम्ममा महानगरपालिकाले १४४ बाख्रा, २४ गाई, १ राँगा, र २१ साँढेलाई नियन्त्रणमा लिएको छ। छाडा पशुहरूको कारणले सडक दुर्घटनाको जोखिम बढ्नका साथै सार्वजनिक सम्पत्तिमा क्षति पुग्ने समस्यालाई ध्यानमा राख्दै, महानगरपालिकाले यस्ता पशुहरूलाई नियन्त्रणमा लिई पशु धनीहरूलाई कारबाही गर्ने नीति लागू गरेको छ।यसका साथै नलगिएका पशु चौपाया हरुलाई लिलामी प्रक्रियामा लैजाने गरेको पौडेलले बताए।

नियन्त्रणमा लिइएका पशुहरूलाई छोड्नका लागि बाख्राको ५०० रुपैयाँ, गाईको २००० रुपैयाँ, राँगा र साँढेको २५०० रुपैयाँ जरिवाना तोकिएको छ।

पछिल्लो वर्ष समातिएका साढे गोरुहरूलाई कोशी टप्पु क्षेत्र तर्फ ट्रक भाडामा लिएर पुर्याएको र अन्य गाई वस्तुहरुहरुलाई विभिन्न गौशालामा राखिएको नगर प्रहरी प्रमुख पौडेलले जानकारी दिए।

महानगरपालिकाले छाडा पशुहरूको समस्या समाधान गर्दै सहरलाई स्वच्छ र व्यवस्थित बनाउन निरन्तर प्रयास गर्ने लक्ष्य लिएको छ।

ग्रामिण राष्ट्रिय साप्ताहिक
मो. ९८२७०७२१५०

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

सुर्तीजन्य पदार्थको सेवन नगरौं।

सुर्तीजन्य पदार्थको सेवनलेः
➢सेवनकर्तालाई प्रत्यक्षरुपमा,
➢परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
➢यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

विराटनगर महानगरपालिका
१ नं. वडा कार्यालय
मोरङ द्वारा

सुर्तीजन्य पदार्थको सेवन नगरौं।

सुर्तीजन्य पदार्थको सेवनलेः
➢सेवनकर्तालाई प्रत्यक्षरुपमा,
➢परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
➢यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मोरङ द्वारा

विपत्तिबाट बचौं र बचाऔं

➢ विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
➢ बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
➢ विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
➢ विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
➢ पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
➢ बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

विराटनगर महानगरपालिका
२ नं. वडा कार्यालय
मोरङ द्वारा

विपत्तिबाट बचौं र बचाऔं

➢ विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
➢ बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
➢ विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
➢ विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
➢ पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
➢ बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

"एक बहुभाषिक पत्रिका"
ग्रामीण
राष्ट्रिय साप्ताहिक

सम्पादक तथा प्रकाशकः संजय राजवंशी, कार्यालय प्रमुख : मोहन राजवंशी, समाचार संयोजकः राजेश कुमार राजवंशी
संवादाता : सरिता कर्मकार, कमला चौधरी, सल्लाहकार : श्यामसुन्दर सुतिहार, कार्यालयः विराटनगर-७,
मुद्रकः कविता प्रिन्टर्स सम्पर्क नं. : ९८२७०७२१५०, ९८१७३२०५५०
इमेलः infograminpatrika@gmail.com, Web: www.graminpatrika.com

"एक बहुभाषिक पत्रिका"
ग्रामीण
राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०



# सम्पादकीय

संजय कुमार राजवंशी

## कोशी प्रदेशको नेपाली जनता १०० दिनमा के पाउनुपर्थियो र के पाए पढनुस्

कलपना गर्नुस । यदि तपाईं अचानक जम्का भेट कोशी प्रदेशको मुख्य मन्त्रि भेटनुहुन्छ भने के सोधन चाहानुहुन्छ । र तपाईं उहाँको बोली के सुन चाहानुहन्छ ? जनताको लागी गास, वास, कपास रोजगारि र शिक्षा, स्वास्थय निशुल्क गर्नुपर्ने अतिआव्शयत्त कामको योजना कि सार्वजनिक सौचालय, विभिन्न संघ संस्थाहरुको उधघाटन गरीएको कुरा, कि कहाँ गएर मन्चमा गएर भाषण गरीयो भनेर सुन चाहानुहुन्छ।

र फेरी पुन्न, एक कक्षा देखि १२ कक्षासम्म शून्य फिमा पढन लेखन र स्नातक शिक्षामा यस मुख्यमन्त्रिले के के नयाँ र अरु मुख्य मन्त्रिहरु भन्दा राम्रो के गरेको रहेछन भने सायद दिमागमा आउछ होला कि कसो साथिहरु ?

अब नेपाली जनता केहि नयाँ कुरा र योजना सुन चाहान्छन । सामाजिक सञ्जाल बाट अहिलेको नयाँ पुस्ताले चाहेका कुराहरु : देशको अहिलेको तत्कालिन आर्थिक अवस्था र समाजको राजनिति प्रति भइरहेको घृणा, राजधानी जस्तो ठाउँमा सर्टर खालि भइरहेको अवस्था र गाँस, बास, कपास, शिक्षा र स्वास्थय, रोजगारीको ज्ञारेन्टि, निशुल्क शिक्षा, भेदभावपुर्ण समाज, हरेक जातिको समान अधिकार, स्थानिय सरकार, प्रदेश सरकारमा सबैको बराबर पहुँच जस्ता कामहरु गर्नुपर्ने।

प्रत्यक्ष रुपमा जनतालाई वास्तिविक राहत दिनुपर्ने हो । कोशी अस्पतालकै विषय लिउँ त्यहाँको डाक्टर तथा व्यवस्थपकले जनताको स्वास्थयको अवस्था जस्ता कुराहरु छन।

हो आज यस्तै भयो कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आफ्नो १०० दिनको उपलब्धि सार्वजनिक गरेका छन् । मिति २०८१ बैशाख २७ गते मुख्यमन्त्री नियुक्त भएर आजका मितिसम्म १०० दिनमा ६० ओटा काम मात्रै पूरा गरेका भन्दै पत्रकार भेटघाट कार्यक्रममा बताए।

मुख्य मन्त्रिले १०० दिनमा ६० ओटा काम गरेको छ । तिमध्य केहि कामहरु यस प्रकार छन । आर्थिक वर्ष २०८१/०८२ को वार्षिक निती तथा कार्यक्रम तथा बजेट स्वीकृति, कोशी प्रदेश पूर्ण खोप सुनिश्चितता घोषणा, धनकुटाको भेडेटारमा स्काई वाक निर्माण, चिन सँग सिमा नाका जोडिएको किमाथाङ्का नाका पुनः सुचारु, हेलो सी.एम., सार्वजनिक सुनवाई प्रणाली लागु जस्ता कामहरु गरीएको कोशी प्रदेश सरकारको महत्वपूर्ण उपलब्धि भएको मुख्यमन्त्री कार्कीले जानकारी दिए।

# उत्कट जिजीविषाको एक कथा




जीवन अनिश्चित र मृत्यु शाश्वत छ। युधिष्ठिरलाई यक्षले आश्चर्य के हो भनेर प्रश्न गर्दा युधिष्ठिरले मृत्यु शाश्वत हो भन्ने थाहा हुँदाहुँदै मानिसले आफू मर्छु भन्ने नठान्नु ठूलो आश्चर्य हो भनेर जवाफ फर्काएका थिए। जन्म र मृत्युबीचको अनिश्चित जीवनमा विशिष्ट भावना जिजीविषा हुनुपर्छ जसले मानिसलाई अविरल मृत्युबाट टाढा छस् है भन्ने ढाडस दिन्छ।

जीवन खुसी र सुखको सन्दुक मात्र होइन दुःख, पीडा, अवसाद जस्ता भावनाको ककटेल हो जसका प्रत्येक विषाक्त घुट जिजीविषायुक्त मानिसले घुटुघुटु पिएर संघर्ष गरिराख्छ। मान्छेहरू त्यसैले जीवन संघर्षको पर्याय भनेर अर्थ लगाइरहन्छन्।

'आडुजीवितम - द गोट लाइफ' - कथा

नजिव मोहम्मद (पृथ्वीराज सुकुमारण) र हकिम (के आर गोकुल) दक्षिण भारतको केरलाबाट पैसा कमाएर प्राप्त हुने सुखसयलयुक्त जीवनको कल्पनाले पुलकित भएर साउदी अरब पुगेका छन् जहाँ दुई मलयाली भाइलाई अरब पुग्ने तारतम्य मिलाउने श्रीकुमारले पर्खिनु भनेका कम्पनीका मान्छेलाई पर्खिरहेका छन् तर मान्छे आइपुगेका छैनन्।

नजिवसँग अरब आउँदा घरबाट बोकेर ल्याएको सामान, युवा उमेर, पाखुरामा बलसँगै आफ्नो मातृभाषा मात्रै छ। नजिव साउदीमा ४-५ वर्ष कम्पनीको काम गरी एसी जडित रूममा बसेर कामको थकाइ मार्दै स्वदेशमा राम्रो घर बनाउने र जन्म नभइसकेको सन्तानको उज्जवल भविषयको सुनिश्चितताको लागि साउदी आइपुगेको छ।

नजिवसँगै केरलाबाट आइपुगेका हकिमसँग पनि सपना त्यस्तै होलान् तर हकिमलाई भाषाको सुविधा छ, हकिम हिन्दी बोल्छ उस्तै परे अङ्ग्रेजी नि बोलिभ्याउँछ।

साउदीमा आफ्ना कफिल पर्खिएर एयरपोर्ट बाहिर उभिएको दुई भाइ मलयालीलाई जसै कफिल आएर जबर्जस्ती आफ्नो भ्यानको पछाडि राख्छ र घरमा परदेश पुगे है भन्ने खबर गर्न फोन समेत गर्न दिंदैन दुई भाइको मनमा चिसो पस्छ। सुरूमा हकिमलाई मरूभूमिको एक दिशाको बाखागोठमा ओरालेर नजिवलाई अर्को मसरामा लैजान जसै कफिलले कोर्रा बर्साउँछन्, नजिवलाई अझै संकटासन्न दुःखको आभास भइसकेको हुन्न।

नजिवको मसरामा हिन्दीवालासँग (रविन दास) भेट हुन्छ जसले नजिवलाई नबुझ्ने भाषामा सबै बुझाइदिन्छन् कसरी सुखको खोजीमा निस्केको एक मलयाली नर्कमा गर्तमा उभिइरहेको छ। केही दिनको हिन्दीवालासँगको भौतिक संगत र केही दिनपछि मरूभूमिको खुला मैदानमा गिद्धले लुछ्दै गरेको शव देखेर नजिवले आफ्नो अनिश्चययुक्त जीवनको झल्को देखिसकेको हुनुपर्छ।

कफिलले दिएको मोटो रोटी ( खबुज ?) पानीसँग चोपेर खानु, कफिलले दिएको पानीले आफ्नो तिर्खा मेटाउनु र भेडा र ऊँट लिएर डुलाउन जानुलाई नै नियति ठानिसकेको नजिवको झुत्रोझाम्रो परिधान ओढेको कायाले जबसँगै स्वदेशबाट परदेश आएर छुटिएको हकिमलाई मरूभूमिको अर्को कुनामा भेट्छ नजिवलाई जीवन त्यति पनि नराम्रो हुँदैन भन्ने लागेको हुनुपर्छ। हकिमसँगै गोठमा काम गर्ने इब्राइम खादरीले (जिमी जीन लुइस) जब नजिव र हकिम दुवैलाई त्यो नर्कको गर्तबाट निकालेर सुरक्षित बाटोबाट पुनः शहर पसाइदिने आशाको झिल्को देखाउँछन्, दुवै मलयाली पात्रभित्र जिजीविषा तीव्र भएर प्रकट हुन्छ।

त्यो जिजीविषा दुवैलाई नर्कको जीवनबाट निकाल्न पर्याप्त हुन्छ र सकुशल पुनः सामान्य जीवनमा पुर्याउन भूमिका खेल्छ भन्ने प्रश्नको उत्तर चलचित्र अघि बढ्दै जाँदा दिने सफल प्रयत्न गर्छ।

कफिलको छोरीको विवाहको रात जब नजिव, हकिम र इब्राइम मसराबाट मरूभूमिको बाटो भाग्छन्, नजिव र हकिमभित्र उत्कट जिजीविषाको भावनाले घर गर्छ जसले उनीहरूलाई मरूभूमि पार गरेर नर्कमय जीवनबाट मुक्ति दिलाउने सपना देखाउँछ।

आँखाले भ्याएसम्मको दृश्यमा मरूभूमि बाहेकको स्थान नदेखिने ठाउँबाट के दुई भाइ आफ्नो पर्थप्रदर्शक सहित सकुशल शहर पुग्न सक्छन् भन्ने प्रश्नले दर्शकलाई बाँधिराख्न सफल हुन्छ।

निर्देशक, संगीत निर्देशक र कलाकारको खुबी

बिलसीले निर्देशन गरेको चलचित्रलाई निर्देशकले आफ्नो तवरबाट पूर्ण रूपले न्याय गरेका छन्। निर्देशकले पात्रहरूबाट लिनुपर्नेसम्म काम लिएका छन् भने आफूले दिनुपर्ने थोकमा कुनै कन्जुसी गरेका छैनन्। बेन्यामिनको उपन्यास आडुजीवितमकै मूल कथालाई सापट लिएर १६ वर्ष लगाएर मिहिनेत गरिएको भन्ने चलचित्रमा त्यो मिहिनेत पनि झल्किएको देखिन्छ।

फिल्मका मुख्य पात्र नजिवको भूमिका निर्वाह गरेका पृथ्वीराजले पूर्ण पोषणयुक्त खाना नपाइरहेको मरुभूमिको बाखागोठालोको भूमिकालाई पूर्ण रूपमा सफलतापूर्वक न्याय गरेका छन्। नजिवले बन्दुकको काठजडित भागको चोटले खल्च्याङ गरेर हिंड्ने पात्रदेखि खाना नपाएर नुहाउन नपाएर कालो दुब्लो भएको कायाले चलचित्र हेर्ने दर्शकलाई चित्त बुझाउँछ। अझ, बाखाको पानी पिउने भाँडोबाट पानी पिउँदाको दृश्य र घरबाट परदेशमा आउँदा ल्याएको आचारको डिब्बाको बिर्को खोलेर वासना महसुस गर्नु, एक-एक पित्को आचार खानु लगायत दृश्यमा नजिवले देखाएको कलाकुशलतालाई प्रमाणित गर्दछ।

त्यस्तै, हकिमको चरित्र गरेका के आर गोकुलको भूमिका पनि चित्तबुझ्दो छ। मरूभूमिमा हिंडिरहँदाको समयमा बढी पर्दामा देखिने हकिमले आफ्नो चरित्र बलियोसँग निर्वाह गरेका छन् भने छोटो भूमिकामा रहेका हिन्दीवाला (रोविन दास) र साइनु (अमला पल) को भूमिका पनि खोट लगाउने खालको छैन।

फिल्ममा संगीत भरेका एआर रहमानले पनि आफ्नो नामको साख जोगाउने गरी काम गरेका छन्। चलचित्रका गीतमा र विभिन्न समयमा बज्ने ब्याक-ग्राउण्ड म्युजिकले केही पट्यारलाग्दो दृश्यलाई पनि हेरेर सुनिराखौं जस्तो बनाइराख्छ।

सुनिल केएससीको छायांकन पनि प्रशंसायोग्य छ। मरूभूमिको लङ सर्ट होस् या रातिको बेला खिचिएको दृश्यमा होस् वा नजिकबाट हकिमको अनुहार लगायत हाउभाउका दृश्यहरू, राम्रो खिचेका छन्।

प्रशंसा (केही बिम्व) र आलोचना (केही कमजोरी)

चलचित्रमा नजिवले बाखाको पानीदानमा घाँटी डुबाएर पानी पिएको दृश्य होस् वा कफिलले विवाहको एक दिन अगाडि खुसी भएर मासु दिंदा नजिवले नखानुको दृश्य त्यसले मानिस ढिलो चाँडो बाध्यतालाई कसरी स्वीकार गर्न बाध्य हुन्छन् भन्ने कुरालाई घतलाग्दो किसिमले बुझाउन निर्देशक सफल भएका छन्।

नजिवले घरकी प्रियसीलाई सम्झेर उनको नाम पुरानो गाडीमा लेख्नु, घरबाट ल्याएको अचार फारो गरेर पित्को पित्को गरेर खानु र घर सम्झेर त्यही अचारको वासना सुघ्नु जस्ता दृश्यले दर्शकलाई भावुक बनाउँछन् भने नजिवले मसरा छोड्ने बेला निर्धक्क भएर मनलाग्दी पानी प्रयोग गरेर नुहाउनु, घरबाट आउँदा ल्याएको कपडा मसराबाट भागेर जाँदा लगाउने सोचले पात्रभित्रको आशावादितालाई दर्शाउँदछ।

केही बिझाउने कुराहरू

नजिव, हकिम र इब्राइम मसराबाट भाग्दाको दृश्यमा लामो समयसम्म देखाइने मरूभूमिको दृश्य हेर्नेहरूलाई पट्यारलाग्दो लाग्न सक्छ। मरूभूमिमा हिंडिरहँदा देखाइने मिराजको दृश्य र छेपारो देखिनु, बिस्कुटको प्लास्टिक खोल भेटिनु, पानी पिउन बोटल भेटिनुलाई संयोग मात्रै मान्न सकिन्न, यी दृश्यहरू सजिलै अनुमान गर्न सकिने किसिमको छ।

मरूभूमिको लामो यात्रामा हकिमले ज्यान गुमाउनु, नजिव मरणासन्न अवस्थामा पुग्नु र इब्राइमलाई सामान्य थकाई मात्र लाग्नुलाई सजिलै पचाउन सकिंदैन। इब्राइमको विषयमा चलचित्रको अन्तिममा राखिएको तस्विरयुक्त स्पष्टीकरणले मात्र त्यो सजिलोपनालाई जस्टिफाई गर्न सक्दैन।

र, स्पष्टीकरण

नजिवले भगवान् भएको भए हामीले यति दुःख झेल्नुपर्थ्यो होला र भनेर प्रश्न सोधेको केही समयभित्रै उत्तर पाउँछन्, भगवान् रहेछन् र त आज सकुशल रहन पाएँ।

कफिलले जब पुलिस चौकीमा मेरो कानुनी कामदार नभएर बाँचिस् नत्र मसरा लगेर हत्या गरिदिन्थें भनेर स्पष्टीकरण दिन्छन्, नजिवको फेरि भगवान्ले किन यति दुःख दियो भन्ने प्रश्नमा पुग्छन् होला कि ? कि आफ्नो जीवनलाई स्पष्टीकरण मान्छन् ?

र, एउटा आफ्नै, मैले चलचित्रको कथालाई पहिलो पल्ट चलचित्रमै हेरें। आडुजीवितमको अङ्ग्रेजी अनुवाद द गोट डेज र नेपाली अनुवाद खबुजलाई चलचित्रमा हेर्नुअघि उपन्यासमा पढेको भए सायद अझ धेरै कुराको समीक्षा हुन्थ्यो होला।

## केही महत्वपूर्ण टेलीफोन नम्बरहरु

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिसस मोरङ | ५३६३५३ |
| निर्माण व्य संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं क संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिड होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रले | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्बुलेन्स सेवा | ५५५१४४ |

### अस्पताल

| | |
|---|---|
| न्युरो हस्पिटल प्रा.लि. | ४१७४७५, ४१६०२४ |
| पोखरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| नाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी दृष्ट धरान | ०२५-५२१६०० |
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| विराट मेडिकल कलेज | ४२१०६३, ४२११८२ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरड सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्यूरो हस्पिटल प्रा.लि | ४१७४८४, ४१६२६७ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गाई हस्पिटल | ९७४२०४२३३३ |
| गेटवेल हस्पिटल प्रा.लि. | ०२१-५२७९६८ |

### दमकल

| | |
|---|---|
| बिराटनगर वारुणयंत्र | ४२०००० |
| इटहरी वारुणयन्त्र | ५८०१०१ |
| धरान बारुणयन्त्र | ५२०१९९ |
| इनरुवा वारुणयन्त्र | ५६०१०१ |
| दमक वारुणयन्त्र | ०२३-५८०१०१ |
| भद्रपुर बारुणयन्त्र | ०२३-५२०१०१ |

### प्रहरी

| | |
|---|---|
| पूर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३५०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का., रानी | ४३५३६४, १०८ |
| सिआरभी (ऋच्छ) | १०९ |
| इप्र.का., रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लावारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

### होटल

| | |
|---|---|
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल संगम पार्टी प्यालेस | ५३०४०३ |
| एबी होटल | ०२१-५११७७२ |
| होटल नमस्कार | ०२१-५९०९०९/५९०६०६ |
| होटल प्यासिफिक | ४७१०३६ |
| होटल मुन | ९८०२७२७७७७ |
| सगरमाथा पार्टी प्यालेस | ४७१४९३ |
| दिव्यरत्न होटल | ९८५२०३३२९६ |
| होटल पाथिभरा इन | ९८०२७६९१५२ |
| होटल श्रीकृष्ण | ०२१-५९०४६७ |

# विराटनगर महानगरपालिकाले सिटी सफारी दर्ता गराउन आह्वान



सरिता कर्मकार
विराटनगर

विराटनगर महानगरपालिकाले महानगर क्षेत्रभित्र सञ्चालनमा रहेका सिटी सफारीलाई अनिवार्य रूपमा दर्ता गराउनका लागि आह्वान गरेको छ। साउन ३० गते सोमबारदेखि सुरु भएको यस आह्वान अनुसार भदौ मसान्तभित्र सबै सिटी सफारी दर्ता गराउनुपर्ने छ।

महानगरभित्र करिब १० हजारभन्दा बढी सिटी सफारीहरू सञ्चालनमा छन्। तीमध्ये ३१,०० सफारी दर्ता गर्नुपर्ने माग गरिए तापनि अहिलेसम्म २००० सिटी सफारी मात्र दर्ता भएका छन्। बाँकी १,१०० सिटी सफारीहरू अझै दर्ता हुन बाँकी छ।

सिटी सफारीको अत्यधिक संख्याका कारण महानगरमा ट्राफिक जाम, दुर्घटना लगायतका समस्याहरू बढिरहेका छन्। यस समस्यालाई समाधान गर्नका लागि महानगरपालिकाले सिटी सफारी दर्तालाई प्राथमिकता दिएको हो।

महानगरभित्र स्थायी ठेगाना भएका सिटी चालकहरूले मात्र सिटी सफारी दर्ता गराउन पाउने छन् र दर्ता भएका सिटी सफारीहरूलाई महानगर क्षेत्रभित्र मात्र सञ्चालन गर्न अनुमति दिइनेछ। हाईवे क्षेत्रमा भने कुदाउन पाइने छैन।

महानगर प्रहरी प्रमुख राजन पौडेलका अनुसार, दर्ता नगराइएका सिटी सफारीहरूलाई भदौ मसान्त पछि सञ्चालन गर्न दिइने छैन र महानगरले कडा निगरानी र कारबाही गर्नेछ। नगरपालिकाले सार्वजनिक सूचना जारी गरेपछि दर्ताको प्रक्रिया सुरु भएको जानकारी उनले दिएका छन्। महानगरभित्रका सबै सिटी सफारीलाई नियम अनुसार दर्ता गराउन र निर्धारित समयमा आवश्यक कागजातहरू पेश गर्न सिटी सफारी सञ्चालकहरूलाई आग्रह गरिएको छ।


## विराटनगर महानगरपालिका
३ नं. वडा कार्यालय
मोरङ द्वारा

**सुर्तीजन्य पदार्थको सेवन नगरौं।**

सुर्तीजन्य पदार्थको सेवनले:
- सेवनकर्तालाई प्रत्यक्षरुपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।



## विराटनगर महानगरपालिका
५ नं. वडा कार्यालय
मोरङ द्वारा

**सुर्तीजन्य पदार्थको सेवन नगरौं।**

सुर्तीजन्य पदार्थको सेवनले:
- सेवनकर्तालाई प्रत्यक्षरुपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।



## विराटनगर महानगरपालिका
४ नं. वडा कार्यालय
मोरङ द्वारा

**विपत्तिबाट बचौं र बचाऔं**

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।



## विराटनगर महानगरपालिका
६ नं. वडा कार्यालय
मोरङ द्वारा

**विपत्तिबाट बचौं र बचाऔं**

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।










"एक बहुभाषिक पत्रिका"
ग्रामीण
राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०

# गढी गाउपालिका वडा नम्बर ६ का ५० वर्षीया ज्ञानसन ऋषिदेवको घाटी काटेर हत्या

ग्रामीण संवादाता
विराटनगर

सुनसरीको गढी गाउँपालिका वडा नम्बर ६ घर भएका ५० वर्षीया ज्ञानसन ऋषिदेवको घाँटी काटेर हत्या गरेको प्रारम्भिक चरणको अनुसन्धानबाट खुलेको छ।

आज विहान गढी गाउँपालिका वडा नम्बर २ थलाहामा ऋषिदेवको टाउको काटेर हत्या गरेको अवस्थामा शव भेटिएको थियो। उनको घाँटी र सरिर फरक फरक ठाउँमा भेटीएको थियो। मृतकको घाँटी देखि मुनिको भाग एक ठाउँमा र टाउँको अर्को ठाउँमा भेटिएको प्रहरी अनुसन्धानले जनाएको छ।

प्रहरीले सुरुमा घाँटीदेखिको मुनिको भाग मात्र भेटेको थियो। अनुसन्धान गर्दै जाँदा घाँटीदेखि मुनिको भाग भेटिएको स्थान देखि करिब ५० मिटर उत्तर पश्चिममा गढी वडा नम्बर २ गुजाइटोकीमा टाउँको भेटिएको सुनसरी प्रहरीका प्रवक्ता डिएसपी नविनकृष्ण भण्डारीले जानकारी दिए।



ऋषिदेव रिङ बनाउने काम गर्थिए। रिङ बनाउने ठाउँमा शव भेटिएको हो। घटनास्थलमा अनुसन्धानको लागि प्रहरी टोली परिचालन भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता एसएसपी भीम दाहालले जानकारी दिए। 'अहिले घटनास्थलमा प्रहरी पुगेर अनुसन्धान भइरहेको छ। तालिम प्राप्त कुकुरलाई पनि ल्याएको छ।

**विराटनगर महानगरपालिका**
७ नं. वडा कार्यालय
मोरङ द्वारा

**सुर्तीजन्य पदार्थको सेवन नगरौं।**

सुर्तीजन्य पदार्थको सेवनले:
- सेवनकर्तालाई प्रत्यक्षरुपमा,
- परिवारजन एवं सम्पर्कका व्यक्तिहरूलाई अप्रत्यक्षरुपमा नकारात्मक प्रभाव पार्दछ,
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरणमासमेत नकारात्मक प्रभाव पार्दछ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं।















"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०

# "विराटनगरमा नि:शुल्क मधुमेह परीक्षण शिविर सम्पन्न, २०० भन्दा बढी जेष्ठ नागरिकहरूको सहभागिता"



ग्रामीण संवादाता
विराटनगर

विराटनगर वडा नं. ११ स्थित जेष्ठ नागरिक वडा कार्यसमिति ध्यान केन्द्रले लायन्स क्लब अफ विराटनगरको सहकार्यमा नि:शुल्क मधुमेह परीक्षण शिविरको आयोजना गरेको छ।

यस शिविरमा २०० भन्दा बढी जेष्ठ नागरिकहरूको सहभागिता रहेको थियो, जसमा उनीहरूको रगतमा चिनीको मात्रा जाँच गरिएको थियो। जेष्ठ नागरिकहरूको स्वास्थ्यप्रति विशेष चासो राख्दै आयोजित यो शिविरको उद्घाटन जेष्ठ नागरिक वडा कार्यसमिति ध्यान केन्द्रका अध्यक्ष अर्जुन कुमार भट्टराईले गरे। उनले मधुमेहको गम्भीरता र यसको समयमै उपचार नगरेमा आउने जटिलताहरूका बारेमा जानकारी दिँदै यस्ता शिविरहरूले जेष्ठ नागरिकहरूलाई आफ्नो स्वास्थ्यप्रति सचेत रहन सहयोग पुर्याउने बताए।

शिविर विराटनगर-११ स्थित जेष्ठ नागरिक सेवा केन्द्रको भवनमा सम्पन्न भएको थियो। सहभागी जेष्ठ नागरिकहरूले यो महत्वपूर्ण पहलका लागि आयोजकहरूलाई धन्यवाद व्यक्त गरेका छन्।

# फिल्म 'कार्साङ' को छायाङ्कन सम्पन्न



ग्रामीण संवादाता
काठमाडौँ

निर्देशक यम शेर्पाको निर्देशनमा निर्माण भइरहेको फिल्म 'कार्साङ'को छायाङ्कन सफलतापूर्वक सम्पन्न भएको छ। २२ दिनमा सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका र भोटेकोसी गाउँपालिकाका विभिन्न स्थानमा फिल्मको छायाङ्कन गरिएको हो।

निर्देशक शेर्पाले फिल्मको सम्पूर्ण टिमको मेहनतका कारण समयमै छायाङ्कन सम्पन्न भएको बताए। उनले भने, "पोस्ट प्रोडक्शनको काम सोचे जस्तै भयो भने हामी छिट्टै फिल्म प्रदर्शनमा ल्याउनेछौं।"

फिल्ममा अभिनेता दयाहाङ राई र नव-अभिनेत्री सिर्जना निङ्लेखु मुख्य भूमिकामा छन्। सामाजिक कथावस्तुमा आधारित यस फिल्ममा दयाहाङ र सिर्जनासँगै जितु नेपाल, दिया मास्के, बुद्धि तामाङ, प्रेम लोप्चन, डोमा ह्योल्मो, सृष्टि गौतम, छोकी शेर्पा, सुरवीर पण्डित, र कर्मा शेर्पाको पनि अभिनय रहेको छ।

फिल्मको निर्माण यार्सा फिल्मस् र पुरुषोत्तम प्रधान फिल्मसले गरेको हो। निर्माता पुरुषोत्तम प्रधान स्वयम् फिल्मका डिओपी पनि हुन्। फिल्मको देशभर वितरणको जिम्मेवारी आरआर फिल्मसले लिएको छ।

फिल्मको प्रदर्शन मिति चाँडै घोषणा गरिनेछ।













